# <u>व्यास नगरपालिकाको आर्थिक ऐन २०७४</u>

## व्यास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७४

**प्रस्तावनाः** व्यास नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम व्यास नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि व्यास नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **प्राकृतिक साधन उपयोग कर:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका प्राकृतिक साधन उपयोग कर अनुसूची (१३) मा उल्लिखित दरमा असुल उपर गर्नेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची १

## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## एकिकृत सम्पत्ति करको दर

| कर योग्य एकिकृत सम्पतिको मूल्य | दर (बार्षिक) |
|---|---|
| दशलाख रुपैयासम्म | पच्चीस रुपैयादेखि दुईसय रुपैयासम्म |
| दशलाख एक रुपैयादेखि बीसलाख रुपैयासम्म | दुईसय पचास रुपैयादेखि चारसय रुपैयासम्म |
| बीसलाख एक रुपैयादेखि तीसलाख रुपैयासम्म | पाच सय रुपैयादेखि एक हजार रुपैयासम्म |
| तीसलाख एक रुपैयादेखि पचासलाख रुपैयासम्म | एक हजार दुई सय रुपैयादेखि तीन हजार रुपैयासम्म |
| पचासलाख एक रुपैयादेखि एक करोड रुपैयासम्म | तीन हजार पाच सय रुपैयादेखि दश हजार रुपैयासम्म |
| एक करोड एक रुपैयादेखि दुई करोड पचास लाख रुपैयासम्म | दश हजार रुपैयादेखि पच्चीस हजार रुपैयासम्म |
| दुई करोड पचास लाख एक रुपैयांदेखि पांच कराड रुपैया सम्म | पच्चीस हजार रुपैयादेखि साठी हजार रुपैयासम्म |
| पाच करोड एक रुपैयादेखि माथि | दुई रुपैयां प्रति हजार |

# अनुसूची २

## व्यास नगरपालिकाको आर्थिक ऐन

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## बार्षिक घर वहाल करको न्यूनतम तथा अधिकतम दर

| सि.नं. | घर वहाल कर | बार्षिक दर |
|---|---|---|
| १. | संघ संस्था, सरकारी कार्यालय, गोदाम, जग्गा भाडामा दिने | २ प्रतिशतका दरले |
| २. | अन्य प्रयोजनको लागि | १ प्रतिशतका दरले |

# अनुसूची ३
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## व्यवसाय करको बार्षिक न्यूनतम तथा अधिकतम दर

| क.सं | व्यवसायको विवरण | बार्षिक करको दर |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल | ७०० देखी २५०० |
| २ | रेटुरेन्ट (मःम, तास, सेकुवा आदि) | ७०० देखी २५०० |
| ३ | मिठाई पसल | ७०० देखी २५०० |
| ४ | कपडा पसल (थोक एवं खूद्रा) | ७०० देखी २५०० |
| ५ | फेन्सी पसल | ७०० देखी ३००० |
| ६ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ७०० देखी २५०० |
| ७ | उनी धागो पसल | ७०० देखी २५०० |
| ८ | जुत्ता चप्पल पसल | ७०० देखी २५०० |
| ९ | निर्माण सामाग्री | १००० देखी ५००० |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | ७०० देखी २५०० |
| ११ | भांडा र गिफ्ट पसल(थोक/खुद्रा) | ७०० देखी २५०० |
| १२ | पुस्तक तथा पत्रिका पसल | ७०० देखी २५०० |
| १३ | छापाखाना | ७०० देखी २५०० |
| १४५ | आर्ट | ७०० देखी २५०० |
| १५ | फोटो स्टुडियो | ७०० देखी २५०० |
| १६ | केवुल नेटवर्क | ५००० देखी ५०००० |
| १७ | टि.भी., घडी रेडियो बिक्री/मर्मत | ७०० देखी २५०० |
| १८ | पंखा तथा स्टोभ मर्मत | ७०० देखी २५०० |
| १९ | साइकल बिक्री तथा मर्मत | ७०० देखी २५०० |
| २० | मोटरसाइकल, पार्टस्/वर्कसप | ७०० देखी २५०० |
| २१ | ड्राइभिङ्ग इन्ष्टिच्यट | ७०० देखी २५०० |
| २२ | टायर मर्मत | ७०० देखी २५०० |
| २३ | ग्रिल उद्योग | २००० देखी १०००० |
| २४ | कवाडी सामानको थोक बिक्रेता | १००० देखी ७००० |
| २५ | टेण्ट हाउस | ७०० देखी २५०० |
| २६ | लाउण्डी पसल | ७०० देखी २५०० |
| २७ | मादल पसल | ७०० देखी २५०० |
| २८ | गोवर ग्यांस | ७०० देखी २५०० |
| २९ | पाउरोटी भण्डार | ७०० देखी २५०० |
| ३० | चलचित्र मन्दिर | १००० देखी ६००० |
| ३१ | वित्तीय संस्था/सहकारी संस्था | २००० देखी ३५००० |
| ३२ | कलर ल्याब | ७०० देखी २५०० |
| ३३ | निजी अस्पताल/औषधी पसल | १००० देखी १५००० |
| ३४ | पशु औषधी पसल | ७०० देखी २५०० |

| | | |
|---|---|---|
| ३५ | वीज भण्डार | ७०० देखी २५०० |
| ३६ | रंगरोगन तथा इलेक्टि थोक वि. | ७०० देखी २५०० |
| ३७ | फर्नीचर उद्योग | १५०० देखी १५००० |
| ३८ | फर्नीचर पसल | ७०० देखी २५०० |
| ३९ | मिल | ७०० देखी २५०० |
| ४० | सुनचांदी पसल | ७०० देखी २५०० |
| ४१ | आइसक्रिम उद्योग तथा पसल | ७०० देखी २५०० |
| ४२ | कपडा सिलाई (प्रति मिशिन ठछ) | ७०० देखी २५०० |
| ४३ | हेयर कटिङ्ग सैलुन | ७०० देखी २५०० |
| ४४ | ल फर्म | ७०० देखी २५०० |
| ४५ | बोडिङ्ग स्कुल मा.वि. र प्रा.वि. | १५०० देखी १०००० |
| ४६ | निर्माण व्यवसायी क, ख, ग, ३ | १००० देखी १५००० |
| ४७ | आयल पम्प | १००० देखी १५००० |
| ४८ | कुरियर, फ्याक्स,कम्प्युटर र ६ेलिफोन | ७०० देखी २५०० |
| ४९ | उद्योग | १००० देखी १५००० |
| ५० | सपिङ्ग सेन्टर | १००० देखी १५००० |
| ५१ | तरकारी पसल | ७०० देखी २५०० |
| ५२ | चश्मा पसल | ७०० देखी २५०० |
| ५३ | दांत बनाउने पसल | ७०० देखी २५०० |
| ५४ | मासु पसल | १००० देखी १५००० |
| ५५ | नर्सरी र फलफूलका विरुवा बिक्री वितर0ा | ७०० देखी २५०० |
| ५६ | माटोको भाडा बनाउने | ७०० देखी २५०० |
| ५७ | टेक्निकल इन्ष्टिच्यूट | १००० देखी १५००० |
| ५८ | कन्सल्टेसी फर्म(इन्जीनिय र ओ.) | ७०० देखी २५०० |
| ५९ | ज्योतिष | ७०० देखी २५०० |
| ६० | अडिटर फर्म (क ख ग ३) | ७०० देखी २५०० |
| ६१ | सिलाई, बुनाई, पेन्टिङ्ग कटिङ्ग प्रशिक्ष0ँ | ७०० देखी २५०० |
| ६१ | चिकित्सक विशेषज्ञ ा.सहायक,कविराज) | ७०० देखी २५०० |
| ६२ | ल्याव | ७०० देखी २५०० |
| ६३ | पुलवोड हाउस | १००० देखी १५००० |
| ६४ | भिडियो गेम हाउस | १००० देखी १५००० |
| ६५ | इटटा भट्टा उधोग | २००० देखी १५००० |
| ६६ | रेमिटन्स सेवा | २००० देखी १५००० |
| ६७ | कटिङ्गढुंगा उधोग | २००० देखी १५००० |
| ६८ | ब्लक उद्योग | १००० देखी १५००० |
| ६९ | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २००० देखी १५००० |
| ७० | बैदेशिक रोजगार कम्पनी | २००० देखी १५००० |
| ७१ | मोवाइल टावर | २००० देखी १५००० |
| ७२ | ईन्टरनट सर्भिस प्रोभाइडर कम्पनी | २००० देखी १५००० |
| ७३ | कम्प्युटर इन्स्टिच्यूट | १००० देखी १५००० |

| | | |
|---|---|---|
| ७४ | कम्प्युटर मोवाइल मर्मत केन्द्र | २००० देखी १५००० |
| ७५ | सिरक डसना सिलाई उद्योग | १००० देखी १५००० |
| ७६ | नृत्य कला केन्द्र | ७०० देखी २५०० |
| ७७ | एफ.एम.रेडियो स्टेसन | १००० देखी १५००० |
| ७८ | गाई, भैसी, बाखा फर्म/पालन व्यवसाय | ७०० देखी २५०० |
| ७९ | माछा पालन व्यवसाय | ७०० देखी २५०० |

# अनुसूची ४
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## बार्षिक जडिबुटी, कवाडी र जीवजन्तु करको दर

| सि.नं. | करको विवरण | बार्षिक दर |
|---|---|---|
| १. | उन | प्रति के.जी. ५० पैसादेखि १.५० पैसासम्म |
| २. | खोटो | प्रति के.जी. १ रुपैयां देखि २ रुपैयांसम्म |
| ३. | जुडिबुटी | प्रति के.जि. ५ रुपैयां देखि १५००। सम्म प्रकृति हेरी |
| ४. | कवाडी | क) प्रति गोटा २५ पैसादेखि रु.३ सम्म प्रकृति हेरी |
| | | ख) प्रति के.जि. १ रुपैयां देखि ३ रुपैयां सम्म |
| ५. | जिव जन्तुको हाड छाला, सिङ, खुर | क) प्रति के.जि. १ रुपैयां देखि ३ रुपैयां सम्म |
| | | ख) प्रति गोटा रु.१०० देखि रु.५००। सम्म |

# अनुसूची ५
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## सवारी साधन करको न्यूनतम तथा अधिकतम दर

(क) बार्षिक सवारी साधन कर

| सि.नं. | बार्षिक सवारी कर | करको दर |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | रू.१०००। देखि रू.३०००। |
| २ | भाडा तथा निजी मिनीबस, ट्रक | रू.५००।० देखि रू.१०००। |
| ३ | वातावरणमैत्री रिक्सा | रू.१००। देखि रू.३००। |
| ४ | भाडाको कार जिप | रू.२००। देखि रू.५००। |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | रू.१०००। देखि रू.३०००। |
| ६ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा माथि | रू.५००। देखि रू.१५००। |
| ७ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा सानो | रू.३००। देखि रू.१०००। |
| ८ | स्कुटर, मोटरसाइकल | रू.७५। देखि रू.२००। |
| ९ | रिक्सा | रू.५०। देखि रू.१५०। |
| १० | पावर टेलर | रू.१५०। देखि रू.५००। |
| ११ | लोडर, डोजर र एक्साभेटर, जेसिभि, रोलर (भ्याकुम) | रू.१५००। देखि रू.३०००। |

**(ख) पटके सवारी कर**

| सि.नं. | पटके सवारी करको विवरण | करको दर |
|---|---|---|
| १. | बस, ट्रक | ५०।०० |
| २. | लहरी (६ टायरभन्दा बढी) | १००।०० |
| ३. | ट्याक्टर ठुलो (४० हर्षपावरभन्दा बढी) | ४०।०० |
| ४. | मिनी बस, ट्रक | ३०।०० |
| ६. | निजी कार, भाडा कार | २०।०० |
| ७. | ट्याम्पो | २०।०० |
| ८. | विदेशी बस ट्रक | २००।०० |
| ९. | विदेशी लहरी (६ टायरभन्दा बढी) | २००।०० |
| १०. | विदेशी मिनी बस, ट्रक | १५०।०० |
| ११. | विदेशी कार/ट्याक्सी | १००।०० |

# अनुसूची ६
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## विज्ञापन करको बार्षिक न्यूनतम तथा अधिकतम दर

| सि.नं. | विज्ञापन करको विवरण | करको दर |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | रु.५०। प्रतिवर्गफुट |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | रु.१०००। देखि रु.२०००। |
| ३ | तुल व्यानर एक हप्ताको लागि | रु.१००। देखि रु.२००। |
| ४ | तुल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | रु.१५०। देखि रु.३००। |
| ५ | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | प्रति व्यानर रु.५०। |

# अनुसूची ७
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## मनोरञ्जन करको बार्षिक न्यूनतम तथा अधिकतम दर

| **क)** | **मनोरञ्जन कर** |
|---|---|
| १ | प्रति टिकटको १० प्रतिशत बराबरको रकम |
| २ | केवुल नेटर्वकहरुको प्रति ग्राहक बार्षिक रु.६०। केबल व्यवसायबाट |

# अनुसूची ८
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## वहाल विटौरी शुल्क न्यूनतम तथा अधिकतम दर

| सि.नं. | वहाल विटौरी शुल्क | शुल्क प्रतिदिन |
|---|---|---|
| १ | नगर क्षेत्रका सार्वजनिक एवं ऐलानी जग्गामा संचालन भएका ससाना व्यवसायबाट दैनि संकलन गरिने शुल्क | रु.५०। प्रति वर्गफुट |
| २ | नगरपालिकाद्वारा निर्माण भएका घर, टहरा तथा हाट बजारबाट व्यवसाय संचालन भएको दिनमा संकलन गरिने शुल्क | रु.१०००। देखि रु.२०००। |

# अनुसूची ९
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## सवारी पार्किङ शुल्क न्यूनतम तथा अधिकतम दर

| क) | सवारी पार्किङ शुल्क | दर |
|---|---|---|
| १. | ठूला सवारी साधन | रु.५०। देखि रु.१००। बस पार्कमा |
| २. | साना सवारी साधन | रु.३०। देखि रु.८०। बस पार्कमा |
| ३ | अन्य शहरी क्षेत्रमा (सबै साना ठूला सवारी साधन) | रु.५। देखि रु.१५। सम्म |

# अनुसूची १०

## व्यास नगरपालिकाको आर्थिक ऐन

## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, जिपप्लायर र र्‍याफ्टिङ शुल्क न्यूनतम तथा अधिकतम दर

| **क)** | **विवरण** | शुल्क |
|---|---|---|
| १. | ट्रेकिङ | प्रति समूह रु.१०००। |
| २. | र्‍याफ्टिङ व्यवसाय | दर्ता शुल्क रु.३०००। र<br>बार्षिक नविकरण शुल्क रु.२५००। |
| ३ | अन्य | रु.१०० देखि १५००। सम्म |

# अनुसूची ११

## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले निर्माण, संचालन गरेका पूर्वाधार र उपलब्ध गराएको सेवा शुल्क र दस्तुरको न्यूनतम तथा अधिकतम दर

| सि.न | विवरण | शुल्क तथा दस्तूर |
|---|---|---|
| १) | **सिफारिस** | |
| १. | नाता प्रमाणित | १०५।०० |
| २. | राहदानी सिफारिस | ३०५।०० |
| ३. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस थप १ कित्ताको रु.५५। का दरले जोडिने | ७०५।०० |
| ४. | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | ३०५।०० |
| ५. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ३०५।०० |
| ६. | हकवाला संरक्षण सम्बन्धी सिफारिस/मालपोत वाहेक | ३०५।०० |
| ७. | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ३०५।०० |
| ८. | निजी विद्यालयदर्ता र स्तर बृद्धि (प्रावि/नि.मा.वि./मा.वि.) | १५५०/२०००/२५०० |
| ९. | काठ दाउरोको सिफारिस | काठ टिप ३५५।, दाउरा टिप २०५।०० |
| १०. | अंग्रेजी रुपान्तर | ३०५।०० |
| ११. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १००।०० |
| १२. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५०५।०० |
| १३. | नाम छुटको सिफारिस/विद्यार्थीलाई | २०५।०० |
| १४. | चार किल्लाप्रमाणितसिफारिस (१ कित्ताको रु.५०५ र सो भन्दा भढी भएमा प्रति कित्ता थप रु.५५ का दरले | ५०५।०० |
| १५. | सनाखतको सिफारिस | ३०५।०० |
| १६. | जन्म मृत्यु सम्बन्धी सिफारिस/मालपोत बाहेक | २०५।०० |
| १७. | स्थायी बसोबास सम्बन्धी सिफारिस | ५००।०० |
| १८. | नाम, थर, जन्म मिति संशोधन सिफारिस/विद्यार्थीलाई<br>/जिल्ला प्रशासनलाई | २००।००<br>५००।०० |
| १९. | सर्जमिन शुल्क | ५०५।०० |
| २०. | अमिन शुल्क | १५००।०० |
| २१. | विद्युत जडान सम्बन्धी सिफारिस | ३५५।०० |
| २२. | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३०५।०० |
| २३. | निजी धारा जडान सम्बन्धी सिफारिस | ३०५।०० |
| २४. | चारित्रिक सिफारिस | ३०५।०० |
| २५. | वस्ती विकास शुल्कः२ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सोभन्दा बढी प्रति १ रोपनी | क्रमशः २५,०००।००, १०,००० र ५,०००।०० |
| २६. | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३०५।०० |
| २७. | उद्योग स्थापना सिफारिस | ३०५।०० |
| २८. | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ५००।०० |
| २९. | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| ३०. | सिफारिसको विवरण सच्याई दिएको | सिफारिस शुल्कको ५०% |
| ३१. | विविध सिफारिस (नयाँ) | २०५।०० |
| २) | **अन्य सिफारिस** | |
| १ | निवेदन फाराम प्रति पाना | १०।०० |
| २ | अनुसूची | १०।०० |
| ३ | निवेदन दर्ता शुल्क | १०।०० |

| | | |
|---|---|---|
| ४ | भवन निर्माण दरखास्त फाराम | १०००।०० |
| ५ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | १००।०० |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | १०।०० |
| ७ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावलीअनुसार |
| ९ | निवेदन नक्कल प्रति पाना | कार्यालयले सार्दा ५।००, आफैले सार्दा २।०० |
| १० | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर ३०।००, अधिराज्य भर ६०।०० |
| ११ | घर निर्माण नक्शाको नक्कल दस्तुर | प्रतितला रु.२००।०० |
| १२ | मिलापत्र दस्तुर प्रति पक्ष | २००।०० |
| नोट: | आर्थिक सहायता, दीन दु:खी हरुको हकमा नगर प्रमुखको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ | |
| **३)** | **हैसियत प्रमाणित (सम्पत्ति मूल्यांकन)** | |
| **क)** | **ऋण र वैदेशिक रोजगारका लागि** | |
| १. | रु.१० लाख सम्म | १,०००।०० |
| २. | रु.२० लाख सम्म | १,५००।०० |
| ३. | रु.३० लाख सम्म | २,५००।०० |
| ४. | रु.४० लाख सम्म | ३,५००।०० |
| ५. | रु.५० लाख सम्म | ४,०००।०० |
| ६. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | ५०० का दरले थप |
| **ख)** | **अध्ययनको लागि** | |
| १. | रु.२० लाख सम्मको | १०००। |
| २. | रु.३० लाख सम्मको | १५००। |
| ३. | रु.५० लाख सम्मको | २५००। |
| ४. | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | २०० का दरले थप |
| **ग)** | **अंशवण्डा र दानबकसमा** | ३.(ख)मा लाग्ने रकमको ५० प्रतिशत |
| **घ)** | नगरपालिकाले तत्काल (६ महिना भित्र) धितो मूल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ । | |
| **ङ.)** | **आय प्रमाणित गर्दा तपशिलको मुल्यको आधारमा दस्तुर लिने** | |
| | क) ५ लाख रुपैया सम्म | प्रतिलाखको रु.१००।०० |
| | ख) ५ लाख देखी १० लाख रुपैया सम्म | रु.१,५००।०० |
| | ग) १० लाख देखी २० लाख रुपैया सम्म | रु.२,०००।०० |
| | घ) २० लाख देखी ५० लाख रुपैया सम्म | रु.२,५००।०० |
| | ङ) ५० लाख देखी १ करोड रुपैया सम्म | रु.३,५००।०० |
| | च) १ करोड भन्दामाथी | रु.५,०००।०० |
| **४)** | **सरसफाई शुल्क** | |
| १. | आंसिक रुपमा सरसफाई हुने क्षेत्रमामासिक | २५।०० |
| २. | नियमित रुपमा सरसफाई हुने सफासडक र राजमार्ग क्षेत्रबाहेकमामासिक | ४०।०० |
| ३. | नियमित रुपमा सरसफाई हुने क्षेत्र सफा सडक र राजमार्गमामासिक | ६०।०० |
| ४. | ठूला होटल, नाई, हस्पिटल, वोडिङ्ग स्कुल तथा क्लिनिक व्यवसायहरुको मासिक | ७५।०० |
| **५)** | **सक्सन ट्यांक/लोडर टिपरको भाडा** | |
| १. | सक्सन ट्यांक न.पा.क्षेत्रभित्र प्रत्येक पटक/प्रति ट्यांकर | २५००।०० |
| २. | सक्सन ट्यांकन.पा.क्षेत्र बाहिर प्रत्येक पटक/प्रति ट्यांकर | ५०००।०० |
| ३. | लोडर प्रति घण्टा | २०००।०० |
| ४. | टिपर प्रति घण्टा | ८००।०० |
| ५. | ट्याक्टर प्रति घण्टा | ७००।०० |
| ६. | सेप्टिक ट्यांक प्रयोजनका लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्याक्टर | १०००।०० |
| नोट: | भाडामा लैजाने व्यक्ति/संस्थाले इन्धनखर्च, चालकको भत्ता समेत व्यहोर्नुपर्नेछ । साथै उक्त साधन भाडामा लैजांदा कार्यालयबाट हिंडेको समय र आइपुगेको समय एकतर्फी समय मात्र गणना गरिनेछ | ईन्धन खर्च रु.५००।००<br>चलक/हेल्पर भत्ता ५००/३००<br>न.पा.बाहिर भत्ता ८००/६०० |

**६. घर नक्शापास दस्तुर** अ) घरनक्सा पास सम्बन्धी दस्तुर

| सि. नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति व.फी.) | | |
|---|---|---|---|---|
| | | नक्सापास क्षेत्र | | |
| | | क | ख | ग |
| १. | आर. सी. सी. फ्रेम स्ट्रक्चर | | | |
| क) | पूर्ण भुमिगत तला | ७०० | ६०० | ५०० |
| ख) | अर्ध भुमिगत तला | | | |
| ग) | जमिन तला | | | |
| ३) | पहिलो तला | | | |
| ङ) | दोश्रो तला | | | |
| च) | तेश्रो तला | | | |
| छ) | चौथो तला | | | |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्तापाता छाना | ४०० | ३०० | २०० |
| ३. | माटोको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्तापाताछाना | | | |
| ४. | माटोको जोडाईमाइटावा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) वासिमेन्टको जोडाईमाइटा, जस्तापाता, स्लेट छाना | ३५० | २५० | १५० |
| ५. | घर नक्शा अनुगमन शुल्क | आर.सि.सि. रु.५। र अन्य रु.३। | | |

आ) पुराना घरहरुको हकमा नक्शा नियमितका लागी प्रति वर्ग फिट माथी उल्लेखित नै दरहरुलाई कायम गर्ने

इ) साधारण स्वीकृतिका लागी फिल्ड शुल्क, सर्जमिन शुल्क लिई सर्जमिन गराई मात्र स्वीकृति दिने ।

ई) नक्सापास क्षेत्र (क) भन्नाले वडा नं. १, २, ३ र ४ को सम्पूर्ण क्षेत्र तथा अन्य वडाका शहरी तथा अर्धशहरी क्षेत्र ।

उ) नक्सापास क्षेत्र (ख) भन्नाले वडा नं.११ रानीगाउं क्षेत्र, घांसीकुवादेखि वडा नं.११ कै घांसीकुवा फराकचौर पोखेल फांट मार्ग मोहडामा भएका घडेरीहरु, वडा नं. ७ र १० को ब्यास मार्ग मोहडा भएका घडेरीहरु, वडा नं.१० कै तालघरे बुल्दी खोलादेखि उत्तरतर्फ सेवर बगैचासम्म, वडा नं.५ र ६ को सिन्धुमार्ग मोहडामा पर्ने घडेरीहरु, वडा नं.५ कै पराशर मार्ग,पाटन क्षेत्र, वडा नं.५ कै को पृथ्वी राजमार्ग वाहेक सम्पूर्ण क्षेत्र र वडा नं. १३ को बुद्धसिं मार्ग र वडा नं.१३ र १४ को सुखौरा मार्गको ५० र ५० मिटर गहिराई सम्म पर्ने घडेरीहरु ।

ऊ) नक्सापास क्षेत्र (ग) भन्नाले ग्रामीण क्षेत्र, क र ख मा उल्लेख भएको बाहेक वडा नं. ५, ६, ७, ८, ९, १०, ११, १२ र १४का सम्पूर्ण क्षेत्र ।

# अनुसूची १२
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## पर्यटन शुल्कको न्यूनतम तथा अधिकतम दर

| सि.नं. | विवरण | बार्षिक करको दर |
|---|---|---|
| १ | आन्तरिक | १०० देखि ५०० |
| २ | बाह्य | ५०० देखि १५०० |

# अनुसूची १३
## व्यास नगरपालिकाको आर्थिक ऐन
## नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने
## पटके प्राकृतिक साधन उपयोग करको न्यूनतम तथा अधिकतम दर

| सि.नं. | प्राकृतिक साधन उपयोग कर | करको दर |
|---|---|---|
| १. | ढुंगा, गिटी, वालुवा | प्रति घन मि. रु.२००। देखि रु.३००। |
| २. | कटपिस ढुंगा | प्रति ट्रक रु.२५००। देखि रु.३०००। |
| ३. | छपनी सादा ढुंगा | प्रति ट्रक रु.१५००। देखि रु.२०००। |
| ४. | कटिङ्ग ढुंगा | १ ट्याक्टर रु.२०००। देखि रु.३०००। |
| ५. | छपनी सादा ढुंगा | १ ट्याक्टर १०००। देखि रु.२०००। |
| ६. | कालीमाटी र रातो माटो (ट्रक) | न.पा.क्षेत्रभित्र १००। देखि रु.२००। |
| ७. | कालीमाटी र रातो माटो (ट्याक्टर) | न.पा. क्षेत्रभित्र रु.५०। देखि रु.१००। |